नागरिक
आर्थिक

बिहीबार २२ फागुन २०८१, Thursday, 6 March 2025



## बजार

सुन तोला - १७०,४००
चाँदी तोला - १९५०

| विदेशी मुद्रा | | खरिद | बिक्री |
|---|---|---|---|
| $ | अमेरिकी डलर - | १३८.८४ | १३९.४४ |
| € | युरो - | १४८.२९ | १४८.९३ |
| £ | पाउन्ड स्टर्लिङ - | १७८.११ | १७८.८८ |



दुई अर्बभन्दा बढी लगानी गरी महोत्तरी जिल्लाको गौशला नगरपालिका-१ रामनगर इटाटारमा सञ्चालित नेपाल पल्प एन्ड पेपर इन्डस्ट्रिज प्रालिमा कागज मिलाउँदै स्थानीय श्रमिक। *तस्बिर : प्रदीपराज वन्त/रासस*

# आन्तरिक पाहुना तान्न 'जाउँ है पोखरा' अभियान

**सन्तोष पोखरेल**

*पोखरा, फागुन २१*

दशक लामो द्वन्द्वका बेला विदेशी पाहुना अभाव खड्केपछि पोखराको पर्यटन क्षेत्रले बल्ल आन्तरिक पाहुनाको महत्त्व बुझ्न थालेको थियो। आन्तरिक पाहुनाका कारण पर्यटन क्षेत्र चलायमान हुन सक्ने सम्भावना देखेपछि पोखराले आन्तरिक पाहुनालाई पोखरा घुम्नकै लागि बोलाउन पनि थालेको थियो।

त्यसैको निरन्तरता स्वरूप यस पटक पनि पोखराले आन्तरिक पाहुनालाई पोखरा घुम्न भनेर निम्तो दिँदै विभिन्न सहरमा प्रवर्द्धनात्मक अभियान थालेको छ। होटल संघ पोखराले झन्डै अढाइ दशकअघि थालेको 'जाउँ है पोखरा' अभियान अहिले नेपालको पूर्वी क्षेत्रमा चलाइएको छ। पूर्वी नेपालका आन्तरिक पाहुनालाई पोखरा घुम्न बोलाउने मुख्य उद्देश्य यो अभियानको रहेको संघको भनाइ छ। बर्सेनि भइरहेको यो अभियानले पोखरामा आन्तरिक पाहुनाको आगमन बढाउन सघाएको होटल संघको ठहर पनि छ।

पूर्वी नेपालमा विभिन्न सहरमा पाँचदिनसम्म (फागुन १८-२२) यो अभियान सञ्चालन गरिने व्यवसायीले बताएका छन्। पूर्वी नेपालका जनकपुर, विर्तामोड, इटहरी, बर्दिबास र हेटौडामा अभियान सञ्चालन गरिने होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले बताए। उनका अनुसार देशमा १० वर्षे द्वन्द्व चल्दै गर्दा सुरु गरिएको यो अभियानको प्रभाव सकारात्मक पर्दै गए पनि निरन्तरता दिइएको हो।

'आन्तरिक पर्यटन नै दिगो पर्यटनको आधार हो भन्ने मान्यता



अनुरूप अभियानलाई निरन्तरता दिएका हौं,' अध्यक्ष सुवेदीले भने, 'द्वन्द्वकालमा सुरु भएको अभियानले आन्तरिक पाहुनाको महत्वबारे पर्यटन क्षेत्रलाई ब्युँत्यायो, पोखरामा आन्तरिक पाहुनाको आगमन पनि बढायो।'

व्यवसायीको अनुमानमा पोखराको पर्यटनको करिब ४० प्रतिशत हिस्सा आन्तरिकले ओगटेको छ आन्तरिक पाहुनाको त्यो हिस्सा कुनै बेला त ८० प्रतिशत हाराहारी पनि पुग्छ। दसै-तिहार र अंग्रेजी नयाँवर्ष जस्ता गतिविधिमा यहाँ आन्तरिक पाहुनाको हिस्सा निकैमाथि उक्लिने व्यवसायीले बताए।

होटल संघ गण्डकीका अध्यक्ष हरि शर्मा गैरेका अनुसार सन् २००१ सम्म पोखरा क्षेत्रमा आन्तरिक पाहुनाको हिस्सा बढीमा पाँचप्रतिशत मात्र थियो। 'मुलुक द्वन्द्वमा थियो, त्यो बेला विदेशी पाहुना निकै कम थिए, आन्तरिक भन्ने नै थिएनन्। पोखरा आएका स्वदेशी पनि लेकसाइडका होटलमा बस्दैनथे,' उनले भने, 'आफन्त कहाँ र पृथ्वीचोकका होटलमा पाहुनाको बास हुन्थ्यो। अहिलेजस्तो घुम्ने संस्कार पनि थिएन। व्यवसायी पनि लेकसाइड झरेका स्वदेशीलाई पाहुना मान्दैनथे तर जब द्वन्द्वका कारण विदेशी अभाव भयो, त्यसपछि बल्ल आन्तरिकले महत्त्व पाउन थालेका हुन्।'

उनका अनुसार द्वन्द्वले निम्त्याएको विदेशीको अभाव स्वदेशीको भरमा मात्र पूरा हुने भएपछि व्यवसायीले आन्तरिक पर्यटन प्रवर्द्धन गर्न सन् २००१ देखि 'जाउँ है पोखरा' अभियान थालेका थिए। होटल संघको अगुवाइमा मुलुकका विभिन्न भागमा पुगेर आन्तरिक पाहुनालाई पोखरा घुम्न आउ भनेर अभियानमार्फत् बोलाउन थालिएको थियो। त्यही गतिविधिपछि आन्तरिक पाहुनाको आगमन बढ्न थालेको उनले बताए।

'आन्तरिक पाहुना चिनाउन द्वन्द्वको भूमिका छ। द्वन्द्व नहुँदो हो त आन्तरिक पाहुनाले महत्त्व पाउन अझै ढिला भइसक्थ्यो,' गैह्रेले भने, 'अभियान थाल्दा पोखरामा आन्तरिक पाहुनाको अकुपेन्सी बढीमा ५ प्रतिशत थियो, कोरोना संक्रमण अघिसम्म त्यो हिस्सा ४० प्रतिशत हाराहारीमा उक्लेको थियो।' विदेशीलाई मात्र पाहुना देख्ने पोखराले द्वन्द्वको त्यो समयमा होटल खालि भएपछि बल्ल स्वदेशी पाहुनाको महत्त्व बुझेको थियो। त्यसपछि आन्तरिक पाहुना भित्र्याउने गरी अभियान थालेको उनले बताए।

उनका अनुसार कोरोना भाइरस संक्रमण अघि आन्तरिकको हिस्सा ४० प्रतिशत पुगेको भए पनि कोरोनाका कारण आर्थिक अवस्था कमजोर भएपछि पाहुना आगमनमा केही प्रभाव पार्न थालेको थियो। 'कोभिड अघि ४० प्रतिशतको हिस्सा कोभिडपछि बढ्न सकेको छैन। बरु ३५ प्रतिशतमा खस्केका होला,' 'पोखरा भिलेज रिसोर्टका संचालक समेत रहेका गैह्रेले भने, 'अब भने पुरानै आकारमा आन्तरिक पाहुनाको आगमन हिस्सा उकास्ने प्रयास भइरहेको छ, बरु ४० प्रतिशतको हिस्सा बढाउनेतर्फ ध्यान दिनुपर्नेछ।' अभियानका क्रममा व्यवसायीले स्थानीय व्यवसायीसँग भेटघाट गर्ने र त्यस क्षेत्रका आन्तरिक पाहुनालाई पोखरा घुम्न बोलाउने उनले बताए।

२०८० चैत ४ गते पोखरा औपचारिक रूपमा पर्यटनको राजधानी घोषणा भएको र पोखरा महानगरपालिकाले समेत फागुन ३ गते पोखरा भ्रमण वर्ष २०२५ घोषणा गरेको थियो। उक्त कार्यक्रमले लिएको सन् २०२५ मा आन्तरिक र विदेश ीगरि २० लाख पर्यटक पोखरा भित्र्याउने लक्ष्य पूरा गर्न जाउँ है पोखरा अभियान सहयोगी बन्ने पर्यटन बोर्ड गण्डकीका प्रमुख मणिराज लामिछानेले बताए।

योपटकको अभियानको थालनी जनकपुरबाट सुरु भएको छ। सोमबार जनकपुरमा स्थानीय व्यावसायीसँग पोखरेली व्यवसायीले भेटघाट गरेका छन्। भेटघाटका क्रममा मधेश प्रदेशका उद्योग, वाणिज्य एवं पर्यटन मन्त्री सकिल अलि मियाँले पोखरा-जनकपुरबीच नियमित हवाई सेवा सञ्चालनमा जोड दिए। मधेश प्रदेशको पर्यटन ऐन पारित भई लागु हुने क्रममा रहेको पनि उनले गराए। व्यवसायीहरू एकाअपसमा मिलेर पर्यटन क्षेत्रलाई थप अगाडि बढाउन सकिने उनले सुझाव राखे।

होटल संघका केन्द्रीय सदस्य विजयकुमार झुनझुनवालाले प्रचारप्रसारमा ध्यान नदिँदा धार्मिक पर्यटनका गतिविधि ओझेलमा परेको बताए। कार्यक्रममा संघले 'जाउँ है पोखरा' का विभिन्न पाँच प्याकेज पनि सार्वजनिक गरेको छ। घुमघाम, बसाई र खानपान सम्बन्धी यी प्याकेज पाँचहजार रूपयाँदेखि २६ हजार रूपैयाँसम्मका रहेको संघले बताएको छ। पोखराको होटल क्षेत्रमा पाँच खर्ब रूपैयाँ हाराहारीको लगानी रहेको व्यवसायीको भनाइ छ। यस क्षेत्रका एक हजार दुई सय होटलमा ४० हजार बेड रहेको र १५ हजार जनाले रोजगारी पाएको संघको आकलन छ।

## पोखरा-भद्रपुर उडानको सुझाव

पोखरा-भद्रपुर हवाई उडानलाई निरन्तरता दिलाउन पूर्वी क्षेत्रका पर्यटन व्यवसायीले सुझाएका छन्। 'जाउँ है पोखरा' अभियानका क्रममा सुनसरीको इटहरीमा आयोजित कार्यक्रममा पोखरा र पूर्वी क्षेत्रका पर्यटन व्यवसायीले हवाई उडानले निरन्तरता पाए पर्यटक आउजाउमा सहज हुने बताए।

जाउँ है पोखरा अभियानको टोली यतिबेला पूर्वी क्षेत्रमा आन्तरिक पर्यटन प्रवर्द्धनमा व्यस्त छ। त्यही अभियानसहित गएको होटल संघ पोखराको टोलीसँग पूर्वी क्षेत्रका पर्यटन व्यवसायीले छलफल चलाएका थिए। सरकारले कोसी प्रदेश पर्यटन वर्ष २०८२ घोषणा गरेको र पोखरा भ्रमण वर्ष २०२५ चलिरहेकाले पोखरा र भद्रपुर हवाई सेवालाई निरन्तरता दिनुपर्ने उनीहरूको सुझव छ। 'घुमौं कोसी' भन्दै इटहरी उद्योग वाणिज्य संघ र 'जाउँ है पोखरा' भन्दै पुगेको होटलको टोलीमा सहभागी व्यवसायीले विगतमा पोखरा र भद्रपुर जोड्ने गरी सुरु भएको हवाई उडान रोकिएपछि पर्यटक आउजाउमा असर परेको बताए। सिधा हवाई उडान सुचारु गर्नुपर्ने सुझाव दिँदै व्यवसायीले हवाई उडानले आन्तरिक र भारतीय पर्यटक आउजाउमा सहज हुने बताए। कोसी प्रदेशका पर्यटन, वन तथा वातावरण मन्त्री षडानन्द मण्डलले पर्यटन प्रवर्द्धनका लागि सहकार्य आवश्यक रहेको बताए। 'प्रदेशले एकअर्कासँग सहकार्य गरेको खण्डमा पर्यटक ल्याउन र लैजान सकिन्छ। सबैको पहलमा मात्र पर्यटन क्षेत्रले सफलता हात पर्छ,' उनले भने।

होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुबेदीले पोखराले पर्यटनमा गरेको प्रगतिबारे अनुभव साटेका थिए। संघका अध्यक्ष सुवेदीले नेपाल आउने विदेशी पर्यटकमध्ये ४० प्रतिशत पर्यटक पोखरा पुग्ने गरेको जानकारी दिँदै अहिले पोखराको पर्यटनमा आन्तरिक पर्यटकको हिस्सा पनि ४० प्रतिशत हाराहारी नै रहेको अवगत गराए। आन्तरिक पर्यटकलाई पोखरेली पर्यटनकर्मीले निकै नै महत्त्व दिएको भन्दै उनले पूर्वका बासिन्दालाई पोखरा भ्रमणका लागि आग्रह गरे। कोसी प्रदेशसभा सदस्य मिना श्रेष्ठले कोसीमा पर्याप्त पर्यटकीय सम्पदा रहेकाले प्रर्वद्धन जरुरी रहेको बताइन। इटहरी उद्योग वाणिज्य संघका अध्यक्ष जीवन पराजुलीले पूर्वका पर्यटकीय सम्पदाको प्रचारप्रसार जरुरी भएको भनाइ राखे।

# यथार्थपरक बजेट तर्जुमा गर्न अर्थमन्त्रीको आग्रह



काठमाडौं, फागुन २१ (रासस)- अर्थ मन्त्रालयले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माण प्रक्रिया प्रारम्भ गरेको छ। सोही क्रममा मन्त्रालयले बुधबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका साथै सम्बद्ध विभाग र निकायसँग परामर्श गरेको छ।

उक्त अवसरमा उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्षको बजेट अनुशासित र यथार्थपरक हुने प्रतिबद्धता व्यक्त गरेका छन्। यथार्थपरक बजेट ल्याउँदा आर्थिक वर्षको बीचमा रकमान्तर तथा संशोधनको आवश्यकता नपर्ने र कार्यान्वयन गर्न सहज हुने उनको भनाइ छ।

मन्त्रालयगत छलफलका क्रममा अर्थमन्त्री पौडेलले बजेट निर्माणमा विगतका अनुभवबाट सिक्दै अघि बढ्नुपर्ने बताए। त्यस्तै, संघीय संरचनालाई ध्यानमा राखी संघ, प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्ने गरी बजेट निर्माण गरिने उनको भनाइ थियो। बजेट बनाउँदा सबै मन्त्रालय तथा अन्य निकायको सहकार्य आवश्यक पर्ने र बजेटप्रति सबै पक्षको अपनत्व हुने विश्वास उनले व्यक्त गरे।

विपद्पछिको पुनःनिर्माणलाई प्राथमिकतामा राखी कार्यान्वयन योग्य, प्रभावकारी र नतिजामुखी बजेट निर्माण गर्ने पनि अर्थमन्त्री पौडेलले बताए। सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटबीच समन्वय मिलाई आगामी आर्थिक वर्षको बजेट तयार गरिनेसमेत उनले स्पष्ट पारे।

कार्यान्वयन गर्न कठिन हुने तथा न्यून प्राथमिकताका आयोजनालाई स्थगन गर्दै व्यवहारिक योजना मात्र समावेश गर्न अर्थमन्त्री पौडेलले सम्बन्धित मन्त्रालयलाई निर्देशन दिएका छन्। साना योजना कटौती गर्दै क्रमागत योजनाको संख्या घटाउनुपर्ने उनको सुझाव थियो। साथै, पूर्वतयारी पूरा भएका र अत्यावश्यक आयोजनालाई मात्र समेट्नुपर्नेमा उनले जोड दिए। बजेट प्रस्ताव गर्दा सिलिङलाई ध्यानमा राख्नुपर्ने उल्लेख गर्दै अर्थमन्त्री पौडेलले मन्त्रालयलाई योजनाबद्धरूपमा कार्य गर्नसमेत आग्रह गरे। राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि १९ खर्ब ६५ करोड रूपैयाँको सीमाभित्र रहेर बजेट ल्याउन सकिने गरी सरकारलाई सिफारिस गरेको छ।

# 'के कार्बनको व्यापार गर्न सकिन्छ ?'

पोखरा, फाल्गुन २१ (नागरिक)- पोखरामा कार्बन व्यापार परियोजना सम्बन्धी तीन दिने कार्यशाला भएको छ। नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय र अर्थ मन्त्रालयले गण्डकी प्रदेश सरकारको आर्थिक मामिला मन्त्रालयसँगको समन्वय एवम् युएनडिपीसँगको सहकार्यमा सरोकारवालाका लागि सो कार्यशाला गरेको हो।

कार्यशालामा कार्बन व्यापार सम्बन्धी परियोजनाबारे सरोकारवालालाई जानकारी गराउँदै यसमा उनीहरूको धारणा मागिएको थियो। कार्बन उत्सर्जनका कारण जलवायु परिवर्तनमा गम्भीर असर परिरहेको तथ्यांक प्रस्तुत गर्दै आयोजकले त्यसको न्यूनीकरणका लागि कार्बन व्यापार आवश्यक रहेकोमा जोड दिएका थिए। त्यसका लागि कार्बन व्यापार परियोजना सञ्चालन गर्ने तयारी भइरहेकाले सरोकावालासँग छलफल गर्ने उद्देश्यले कार्यक्रम गरिएको वन तथा वातावरण मन्त्रालयका उपसचिव हरिप्रसाद शर्माले जानकारी दिए।

उनका अनुसार कार्यक्रममा कार्बन व्यापार परियोजना भनेको के हो ? र कार्बन व्यापारमा को को सहभागी हुनसक्छन् भन्नेबारेमा छलफल भएको थियो। कार्बन व्यापार प्रोजेक्ट कसरी पहिचान गर्ने ? प्रोजेक्ट कसरी डिजाइन गर्ने भन्नेबारेमा हामीले सरोकारवालालाई बुझाउने कोसिस गऱ्यौं, उनले भने, 'कार्बन व्यापारमाको को सहभागी हुनसक्छन् ? कोकसले लगानी गर्न सक्छन् ? भनेर पनि बुझायौं।' कार्यशालामा सरोकारवासँग कार्बन व्यापारमा सरकार र निजी क्षेत्रको भूमिका तथा कार्बनलाई नीतिमा कसरी सम्बोधन गर्दा कार्बन व्यापारलाई व्यावसायीकरण गर्न सकिन्छ भन्नेबारे सरोकारवालाको धारणा पनि मागिएको कार्बन व्यापार सम्बन्धी जानकारी विज्ञ निलम शर्मा रिजालले दिए। उनले भने, 'कार्बन व्यापारका लागि वातावरण बनाउन कस्तो नीति अपनाउने ? कार्बन कसले किन्न सक्छ ? कसले बेच्न सक्छ ? त्यसका लागि के गर्ने ? भनेर सचेतनासँगै जिम्मेवार बनाउने प्रयत्न भयो।'

कार्यक्रममा सहभागी सरोकारवालाले भने कार्बन व्यापार सुन्दा राम्रो लागे पनि सरकारी नीतिका कारण व्यावहारिक रूपमा गाह्रो हुने बताएका थिए। कार्यक्रममा सहभागी वेष्ट म्यानेजमेन्ट प्रालि पोखराका सञ्चालक सन्तोष पौडेलले कार्बन व्यापार गर्न आफूहरू तयार रहेको बताए। उनले भने, 'तर नीति, विधि र व्यवहारमा जटिलता आउँछन्। यसले कार्बन व्यापार हुन्छ नै भन्नेमा विश्वस्त हुन सक्दैनौं।' कार्यशालामा गण्डकी प्रदेशमा रहेका विभिन्न विश्वविद्यालय, इञ्जिनियरिङ क्याम्पस, वन विज्ञान क्याम्पस तथा कार्बन उत्सर्जनको क्षेत्रमा काम गरिरहेका सरोकारवाको उपस्थिति रहेको थियो।

कार्बन उत्सर्जनका कारण जलवायु परिवर्तनमा परिरहेको अत्यधिक असरलाई न्यूनीकरण गर्न कार्बन व्यापार परियोजना सञ्चालन गर्ने तयारी स्वरूप देशैभर कार्यक्रम गरिने जनाइएको छ।


## वर्गीकृत विज्ञापन/डिस्प्ले

### घरजग्गा बिक्रीमा

धुम्बाराहीमा फ्ल्याटसिस्टमको 0-7-3-0 नयाँघर विशालनगरमा 0-6-0-0 जग्गा बिक्रीमा: 9841420589

४५ लाखमा लुभु बसपार्क नजिक सिरुटार ठिमी जाने मेनरोडमा ६ आना जग्गा: ९७६७२४२३५४

स्वयम्भु भगवानपाउको अत्याधुनिक घर तुरुन्तै बिक्रीमा कृपया दलालले कष्ट नगर्नुहोला ९८०६६५८८००, ९८०३८२२२७२

सस्तो मुल्यमा काठमाडौं गोलढुंगाको तुरुन्तै बिक्रीमा कृपया दलालले कष्ट नगर्नुहोला: ९७६७६५५२९५, ९८०३२३१८७६

ज्ञानेश्वर मेनरोडमा २ आना १ पैसा जग्गा सुपथ मुल्यमा: ९७६७२४२३५४

### होटल बिक्रीमा

**स्वयम्भु विजेश्वरी हाइवेको चलिरहेको होटल ॐ जग्गा सहित तुरुन्तै सुपथ मूल्यमा बिक्रीमा: ९८०३८२२२७२, ९८०६६५८८००**

### माईग्रेसन सर्टिफिकेट हरायो

मिति २०८१।८।२६ गते लगनखेल देखि जावलाखेल सम्म जाँदा मेरो निम्न व्यहोरा भएको +२ को माईग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावहरुले मेरो निम्न ठेगानामा वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनु हुन अनुरोध गर्दछु।
**नाम: सिद्धान्त कटुवाल**
सिम्बोल नं.: २२७०२१८५
रेजिस्ट्रेसन नं.: ७५२७०७५६F
ठेगाना: इमाडोल- ललितपुर
फोन : ९८२८२७१३८५

### वर्गीकृत डिस्प्ले

**कलर प्रति बक्स**
१X५ = रू.१८००/-* मात्र
१X१० = रू.४०००/-* मात्र

**श्याम/श्वेत प्रति बक्स**
१X५ = रू.१२५०/-* मात्र
१X१० = रू.२८००/-* मात्र

*मू.अ.क. बाहेक

मार्केटिङ विभाग: ४२६५१०० एक्सटेन्सन ३१२
email: classified@nagariknews.com



**नमोबुद्ध नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भकुण्डेबेशी, बागमती प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति: २०८१/११/२२**

यस नमोबुद्ध नगरपालिकाबाट मिति २०८१/१०/१४मा हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही देखिई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीका निम्ति यो आशयको सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | बोलपत्र नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | NMUN/ NCB/WORK/ 2081/082-07 | Construction of B.P. Rajmarga Thadobato Jana kalyan Ma. Vi. Hudai Wada Karyalaya Jodne Sadak | श्री SANJAYA/ BHUMIDADA JV, काभ्रे | रु. ७५,८१,३४३।७९ |



CWIN
**सिविन नेपालको**

## बालबालिका हकदावी सम्वन्धि सूचना

**२०६२ सालमा सिविन नेपालद्वारा ललितपुर जिल्ला, बुगंमतीबाट** उद्धार गरिएकी **माया लक्ष्मी शाक्य** नाम बताउने बालिका तथा काभ्रे जिल्लाबाट उद्धार गरिएका **दिलिप लामा** नाम बताउने बालक हालसम्म पनि **सिविन नेपाल**को संरक्षणमा रहि रहेका छन्। उनीहरुलाई आफ्नो छोरा छोरी भनि हक दावि गर्न आजको मितिले **३५ दिन** भित्र आवश्यक प्रमाणहरु सहित आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।



माया लक्ष्मी शाक्य



दिलिप लामा